# जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७०

स्वीकृत मितिः २०७०।७।१३

जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

ऊर्जा मन्त्रालयले विद्युत नियमावली, २०५० को नियम ९४क. ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि, २०६९ को दफा ३ मा संशोधनः** (१) जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि, २०६९ को दफा ३ को उपदफा (२) को,

(१) खण्ड (घ) र (च) को सट्टा देहायको खण्ड (घ) र (च) राखिएका छन् :

"(घ) आयोजनामा लगानी गर्न इच्छुक वित्तीय संस्थाबाट आयोजनामा लगानी सम्बन्धमा जारी गरेको आशयपत्र ।

(च) आयोजनामा प्रवर्द्धकको कूल लगानीको कम्तीमा बीस प्रतिशत स्वलगानी (इक्विटी) हुनुपर्ने एवं उक्त स्वलगानीको कम्तीमा पच्चीस प्रतिशत रकम बराबरको सामूहीक नेटवर्थ देखिने कागजात ।

तर सर्वसाधारण वा स्थानीय वासिन्दालाई छुट्याइएको बढीमा दश प्रतिशत सम्मको शेयरको सम्बन्धमा सो बराबरको रकमको नेटवर्थ देखाउन पर्ने छैन ।"

(२) खण्ड (ङ) झिकिएको छ ।